# जिल्ला समन्वय समितिको कार्यालय, कास्की

फोन नं. ०६१-४६४९२५
०६१-४६४४९०
☎ ०६१-४६२५४६

शहिदचोक, पोखरा,
४ नं. प्रदेश, नेपाल।


मिति :२०७३।१२।०६

पत्र संख्या : २०७३/०७४
चलानी नं. २५८६

विषय : जानकारी सम्वन्धमा ।

**श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)**
**सिंहदरवार, काठमाण्डौं ।**

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको च.नं. ३१२१ मिति २०७३।११।२४ को पत्रसाथ प्राप्त स्थानीय तहको शासन संचालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ वमोजिम यस जिल्लामा रहेको ५ (पाँच) वटा तह (पोखरा लेखनाथ महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका र अन्नपूर्ण गाउँपालिका सहजिकरण तथा व्यवस्थापन गर्दै पूर्ण रुपमा कार्यन्वयनमा आएका छन् । अन्नपूर्ण गाउँपालिका केन्द्र तोकिएको स्थान भौगोलिक आवागमनको सुविधा र सेवाग्राहीहरुको दृष्टिले अलि वढी अपायक भएको र यहि अवस्था अन्य केहि वडाहरुको सन्दर्भमा समेत रहेको छ । अन्नपूर्ण गाउँपालिकाको कार्यालय संचालन तत्काल गर्नको लागि अन्नपूर्ण गाउँपालिकाको वडा नं. ६ मा रहेको कृषि तालिम केन्द्रको रिक्त/खाली रहेको भवनमा संचालन गर्ने गरी सहमतिको लागि स्थानीय सर्वपक्षीय सहमति सहित निर्णय गरी प्रमुख जिल्ला अधिकारीज्यूको संयोजकत्वमा स्थानीय विकास अधिकारी र सम्वन्धित गाउँपालिकाको कार्यकारी अधिकृत समेत रहेको समितिमा अनुरोध गरी आएको छ । यहि अवस्था अन्य केही वडाहरुको सम्वन्धमा समेत रहेकोले त्यस समितिले स्थानिय तहको सहज संचालन हुने गरी व्यस्थापन गर्ने कार्य प्रकृया निरन्तर अगाडी वढाएको छ । जिल्लामा रहेका स्थानीय तहका महानगरपालिका/गाउँपालिकाको कामकाज संचालन गर्न तोकिएका कर्मचारीहरुको विवरण यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

**(वलराम ढकाल)**
**स्थानीय विकास अधिकारी**

**वोधार्थ :**

श्री क्षेत्रीय प्रशासन कार्यालय, पोखरा ।
श्री जिल्ला प्रशासन कार्यालय, कास्की ।
श्री जिल्ला प्रहरी कार्यालय, कास्की ।
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, कास्की ।